नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

जेष्ठ/आषाढ २०८१ (June 2024) वर्ष २७/अङ्क ३०६

## पाठः पेन्तिकोसः पवित्र आत्मा ओर्लिआउनुभएको दिन

– एल्डर पिटर लिम्बू

बाइबल खण्डः प्रेरित २:१-१३

प्रेरित १:८ **"तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरो साक्षी हुनेछौ ।"**

पुरानो करारका उत्पत्तिको पुस्तकबाहेक पहिलेका चारवटा पुस्तकहरूमा पेन्तिकोस मनाउनेबारे पाँच पटकसम्म उल्लेख गरिएको पाइन्छ । दिइएका त्यही व्यवस्थामा आज्ञा अनुसार निस्तार चाड समापन भएको सात हप्तापछि अर्थात् पचासौं दिनमा यहूदीहरू यरूशलेममा भेला भइ हरेक वर्ष यो चाड निरन्तर मनाउदै आइरहेका थिए । यरूशलेमदेखि बाहिरबाट निस्तार चाड मनाउन आएका कतिपय यहूदीहरू पेन्तिकोसको चाडसमेत मनाएर मात्रै फर्कने मनसायले पचास दिनसम्म यरूशलेममै बस्ने गर्दथे । पेन्तिकोसको दिनलाई ग्रीक भाषामा **"पेन्टेकोन्टा हेमेरास"** जसको अर्थ पचासौं दिन भन्ने हुन्छ भने हिब्रू भाषामा **"हामिशिम योम"** भनिन्छ । यो चाडलाई अरू नाउँद्वारा पनि चिनाइएका छन्:

(१) साताहरूका चाड (प्रस्थान ३४:२२. व्यवस्था १६:१०) ।

(२) कटनीको चाड (प्रस्थान २३:१६) ।

(३) अगौटे फलको चाड (गन्ती २८:२६) ।

(४) व्यवस्थाको सम्झनामा मनाइने चाड - ई.स ७० मा यरूशलेमको मन्दिर रोमी सेनाद्वारा ध्वस्त पारिएपछि यो चाडलाई परमेश्वरले दिनुभएको व्यवस्थाको सम्झनामा मनाउन थालिएका छन् ।

पुरानो करारमा प्रत्येक वर्ष मनाउनका लागि दिइएका तीनवटा मुख्य चाडहरूमध्ये पेन्तिकोस पनि एउटा यहूदीहरूको विशुद्ध चाड हो, हामी खीष्टियनहरूको चाड होइन । यसमा हामी कति पनि भ्रममा पर्नु हुन्न । किनभने पेन्तिकोससँग जोडिएको निस्तार चाड हाम्रो लागि येशू निस्तार चाडको थुमा भइसक्नुभएको छ। पेन्तिकोसकै दिन पवित्र आत्मा ओर्लिआउनुभएको ईश्वरीय घटनाको सम्झनामा कति मण्डलीहरूमा भेला भई उहाँको आराधना गर्ने गर्दै आएको पनि पाइन्छ । त्यस दिन पवित्र आत्मा विशेष रूपमा चेलाहरूमाथि ओर्लिआउनुभएको र त्यसै दिन तीन हजार मानिसहरूले पानीको बप्तिस्मा लिएका थिए । हामीहरू त्यस दिनमा मण्डलीमा भेला भएर आराधना सेवा गरेतापनि पेन्तिकोसको चाडको रूपमा नभएर पवित्र आत्मा ओर्लिआउनुभएको दिनको सम्झनामा सेवाहरू गर्नु र पवित्र आत्माको सेवाकाइ लिनुचाहिँ महत्वपूर्ण कुरो हो ।

पेन्तिकोसको दिन पहिलो पटक पवित्र आत्मा ओर्लिआउनु हुँदा विशेष गरी तीन वटा रूपमा देखा परेका थिए ।

**१. मुख्य गरी दुईवटा प्रतिकात्मक चिन्हको रूपमा पवित्र आत्मा देखा पर्नुभयो**

(१) बतास-इजकिएल ३७:९, १४. यूहन्ना ३:८

पद २ **"अनि स्वर्गबाट अचानक ठूलो बतासको झोँक्का जस्तै आवाज आयो ।"** बतास आफै त पवित्र आत्मा होइन तर पुरानो करारको समयमा यसले पवित्र आत्माको उपस्थितिलाई बुझाउदथ्यो । पेन्तिकोसको दिन पवित्र आत्मा ओर्लिआउनुभएको चिन्हको रूपमा देखापरेका बतास पृथ्वीको वायुमण्डलमा चल्ने बतास नभएर स्वर्गबाट ओर्लिआएको बतास थियो । पुरानो करारमा हिब्रू भाषा रुआख शब्द चलाइएको छ जसको तीन वटा अर्थ हुन्छः **"स्वास"**, **"बतास"**, **"आत्मा"** त्यसैलाई नयाँ करारको ग्रीक भाषामा **"न्यूमा"** शब्द चलाइएको छ । पुरै बाइबलमा पुरानो करारमा **"रुआख"** र नयाँ करारमा **"न्युमा"** लगभग जम्मा २३२ पटक भन्दा बढी चलाइएको पाइन्छ । बाइबलमा पवित्र आत्मालाई विभिन्न नाउँद्वारा चिनाइएको छ ।

(२) आगो - आगोले आत्माको शक्तिशाली उपस्थिति, उहाँको न्याय निसाफ, र शुद्धयाइँलाई बुझाउँछ (यशैया ४:४. प्रस्थान १३:२१. यूहन्ना १६:१३. १ कोरिन्थी ३:११-१३ पढ्नुहोस्) । आगोले पवित्र आत्माको उपस्थिति सामान्य किसिमको थिएन, असाधारण, ईश्वरीय अधिकारको उपस्थिति थियो भन्ने जनाउँछ ।

पवित्र आत्माका यी दुबै प्रतिकात्मक चिन्हहरू पुरानो करारमा दिइसकिएको हुनाले यहूदीहरूका लागि अपरिचित, नौलो भने थिएन । त्यहाँ दुइ भिन्न किसिमका यहूदीहरू थिए, जसले पवित्र आत्माको आगमनको बेग्ला-बेग्लै किसिमको अनुभव गरे । एउटा येशूलाई धेरै लामो समयदेखि पछ्याउदै आएका यहूदी, जोहरूले पवित्र आत्माको ताजा भरपुरिको अनुभव गरिरहेका थिए भने अर्को थरीका यहूदी, जोहरू परम्परागत पेन्तिकोस चाड मान्नलाई भेला भएका थिए । उनीहरूले त्यो दृश्यलाई देखेर आफ्नै किसिमको अर्थ लगाइरहेका थिए (२:५-१३ पढ्नुहोस्) । जेहोस्, त्यो नौलो घटना येशूलाई पछ्याउने र चाड मान्न आएका दुबै थरिका लागि मात्र नभएर सम्पूर्ण मानव जातिहरूका लागि परमेश्वरको विशेष प्रबन्ध थियो भन्ने कुरा पत्रुसको प्रचारपछि तीन हजार मानिसहरूको बप्तिस्मा अनि त्यसपछिका अरू विकसित घटनाहरूले पुष्टि गर्दै लगेको प्रेरितको पुस्तकले बताउँछ ।

२. पवित्र आत्मा मानव अनुभवमा देखा पर्नुभयो

पद ४ क **"अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए"** भन्नुको अर्थ सबै जनामाथि पवित्र आत्मा आउनुभएपछि उनीहरूले नौलो भिन्नै किसिमको अनुभव गरे । यो अनुभव उनीहरूका लागि सुरुवात मात्र थियो, किनभने **"पवित्र आत्माले भरिए"** भन्ने भनाइ प्रेरितको पुस्तकमा छ पटकसम्म चलाइएको छ । प्रेरित १:५ ख मा येशूले **"तर अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ"** भन्ने प्रतिज्ञा यहाँ आएर पूरा भएको छ । परमेश्वरले अघिबाटै ठहराउनुभएको ठीक समयमा सबैभन्दा पहिले त्यहाँ सहभागी भएका

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | डाँछी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जेष्ठ २६ गते June 8 | पाष्टर सिमोन पाठक | डीकनेस् रश्मिला तामाङ्ग | पाष्टर अशोक मुखिया | डीकन राम ब.तामाङ्ग | श्री सुचन तामाङ्ग | एल्डर सिमोन खालिङ | एल्डर श्रीलक्ष्मी सैंजु | एल्डर बाबुराम के.सी. | श्री जीवन खालिङ | एल्डर आनन्द न्यौपाने | एल्डर पेशल राई |
| आषाढ १ गते June 15 | पाष्टर घनश्याम दाहाल | एल्डर वीर ब. के.सी. | डीकनेस् ज्योति सिल्पकार | डीकन भुपाल लामा | एल्डर मन ब. मगर | एल्डर सीता गुरूङ्ग | पाष्टर रूबेन श्रेष्ठ | डीकन हरिश्चन्द्र महर्जन | श्री विश्वास थापा | एल्डर भुवन देवकोटा | श्री प्रेम गुरूङ्ग |
| आषाढ ८ गते June 22 | श्री विष्णु देउला | डीकन राजु तामाङ्ग | श्री जीवन खालिङ | एल्डर सिद्धि खालिङ | एल्डर रत्नमान महर्जन | डीकन ध्रुव घिमिरे | डीकन सिमोन भण्डारी | एल्डर नभराज के.सी. | एल्डर सिमोन खालिङ | एल्डर जनकलाल श्रेष्ठ | श्री फुर्का तामाङ्ग |
| आषाढ १५ गते June 29 | एल्डर अर्जुन ढकाल | श्रीमती माया तामाङ्ग | डीकन सुबोध अधिकारी | श्री माया लामा | श्री विजय तामाङ्ग | पाष्टर घनश्याम दाहाल | श्री सुकराम तामाङ्ग | एल्डर रूद्र राई | डीकन अनिल चौधरी | डीकन कृष्ण नगरकोटी | श्री जीवन खालिङ |
| आषाढ २२ गते July 6 | पाष्टर अशोक मुखिया | श्री सरुष तामाङ्ग | डीकन कुमार गजमेर | श्री कल्याणी बस्नेत | श्रीमती निशा तामाङ्ग | पाष्टर दफ्तन सादा | पाष्टर रूबेन श्रेष्ठ | एल्डर बाबुराम के.सी. | पाष्टर शरण राई | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर पेशल राई |

एकसय बीस सबै जना पवित्र आत्मामा बप्तिस्मा भए ।

३. **बोलिने भाषामा पवित्र आत्मा देखा पर्नुभयो** - पद ४ ख, ६-९, ११ पद ४ ख **"पवित्र आत्माले दिनुभएको उच्चारण बमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे ।"** पद ६-९, ११ खण्डहरूलाई ध्यानसँग अध्ययन गर्दा त्यहाँ बोल्दै गरिएका अन्य भाषाहरू १ कोरिन्थी १२:१० मा दिइएका अन्य भाषाको वरदान भन्दा फरक थियो भन्ने पुष्टि हुन्छ। पवित्र आत्माले दिनुभएको उच्चारण बमोजिम बोलिएको अन्य भाषा बोल्नेहरूले बुझ्नेनन् तर त्यहाँ सुन्नेहरूलेचाहिँ बुझे । अनि त्यो सुन्ने सबै जना आश्चर्यचकित भएका थिए (पद ४ ख, ६-९, ११, १२ पढ्नुहोस्) । ती बोल्नेहरूबाट परमेश्वरका महान् कार्यहरूको चर्चा सुन्नेहरूको आफ्नै मातृभाषामा गरिरहेका देखेर तिनीहरू सबै आश्चर्यचकित भए । परमेश्वरले बोलिने भाषाहरूलाई पनि चलाएर आफ्नो महिमा लिनुहुन्छ ।

निश्कर्ष

**"यदि मण्डलीबाट पवित्र आत्मा अचानक उठाइ लगियो भनेमण्डलीको अवस्था कस्तो होला ?"** भनेर यस्तो प्रश्न ए. डब्लु टोजरलाई सोध्दा, उनले यस्तो उत्तर दिएका रहेछन् "मण्डलीलाई थाहा पत्ता केही पनि हुँदैन । किनभने पवित्र आत्माको भरमा हिँड्ने, जिउने मण्डली छैन ।" पवित्र आत्माको अगुवाइ भरपूरीको अनुभवमा जिउने सम्बन्धमा आज मण्डली कहाँ, के गर्दैछन् ? प्रभु येशूको पहिलो आगमन भइसकेको छ भने अब उहाँको दोस्रो आगमन हुनेवाला छ (प्रेरित १:११ पढ्नुहोस्) । खीष्टको दुइवटा आगमनका बीचमा रहेर जिउने अहिलेका मण्डलीको जीवनमा पवित्र आत्माको साथ छ । किनभने प्रभुका हरेक जनलाई विश्वासमा दृढ, बलियो जिवन्त जीवन जिउनका लागि शक्ति प्रदान गर्न पवित्र आत्मा आउनुभएको हो (प्रेरित १:८) । पवित्र आत्माको आगमनले उहाँका जनहरूको जीवनशैली पुरै परिवर्तन भएको थियो । त्यसैले उनीहरूमाथि पवित्र आत्मा आउनुभएपछि उनीहरू सबै जना बलिया, भए, साहसी भए, विश्वासमा दृढ भएर जता-ततै खीष्टको जीवित शाक्षीको रूपमा जिए । आज पनि त्यही आत्माले हाम्रो बीचमा त्यही स्तरमा काम गर्नुहुन्छ । तर हामीले उहाँलाई कसरी लिन्छौ ? हामी कस्तो प्रतिक्रिया दिन्छौ ? उहाँ सधै तयार हुनुहुन्छ तर हामी नि ?

## हार्दिक बधाई



वैशाख १९ गते/मे १ तारिख, बुधबार नेइम सिर्जनानगर चर्चको सदस्य श्री जोनाथन खालिङ राई र कलबरी चर्च, बर्दियाको सदस्य सुश्री रूमिला अधिकारीको कलबरी चर्च, बर्दियामा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख ३० गते/मे १२ तारिख, आइतबार नेइम ललितपुर चर्चको सदस्यहरू श्री आशिष खत्री र सुश्री सरू तामाङ्गको नेइम ललितपुर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



जेष्ठ ३ गते/मे १६ तारिख, बिहीबार नेइम ललितपुर चर्चको सदस्य श्री सामोस घिमिरे र मेघौली बप्तिस चर्चको सदस्य सुश्री अनिशा काफ्लेको मेघौली बप्तिस चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### जून महिनाको कार्यक्रम

जेष्ठ २० गते/जून २ तारिख आइतबार **नेइम कार्यकारिणीको बैठक** नेइम जोरपाटी डाँछी चर्चमा ।

आषाढ १ गते/जून १५ तारिख शनिबार बिहान १०:०० बजे **उपवास प्रार्थना** आ-आफ्नै चर्चमा ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | बैँसीगाउँ | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जेष्ठ २६ गते<br>June 8 | श्री<br>राजेन्द्र घोरासैनी | श्री<br>फुर्का तामाङ्ग | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>कृष्ण तामाङ्ग | डीकन<br>कृष्ण श्रेष्ठ | एल्डर<br>राज गुरूङ्ग | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>पिटर लिम्बू | श्री<br>कुमार सेन्चुरी | एल्डर<br>बेन्जामिन तामाङ्ग | श्री<br>चन्द्र तामाङ्ग |
| आषाढ १ गते<br>June 15 | पाष्टर<br>प्रेम श्रेष्ठ | डीकनेस्<br>सलोमी दों | एल्डर<br>कृष्ण तामाङ्ग | एल्डर<br>गोपी राई | एल्डर<br>सागर थापा | डीकन<br>उमेश मगर | डीकन<br>अमृत लामा | डीकन<br>प्रशान्त सिंह | एल्डर<br>पिटर लिम्बू | एल्डर<br>बी.एन पण्डित | एल्डर<br>जोरविर राई |
| आषाढ ८ गते<br>June 22 | पाष्टर<br>प्रेम श्रेष्ठ | डीकन<br>उमेश मगर | श्री<br>विकास श्रेष्ठ | श्री<br>विकाश श्रेष्ठ | डीकन<br>कृष्ण श्रेष्ठ | एल्डर<br>राज गुरूङ्ग | एल्डर<br>अष्ट श्रेष्ठ | श्री<br>कुमार सेन्चुरी | डीकन<br>सुक्रराज घिमिरे | डीकन<br>अनिल आले | डीकन<br>डि.बि. राई |
| आषाढ १५ गते<br>June 29 | एल्डर<br>लाक्पा लामा | डीकन<br>पवन सुनुवार | श्री<br>प्रेम गुरूङ्ग | एल्डर<br>कृष्ण तामाङ्ग | एल्डर<br>सागर थापा | डीकन<br>उमेश मगर | एल्डर<br>गोपी राई | पाष्टर<br>बर्णबास श्रेष्ठ | श्री<br>प्रेम गुरूङ्ग | डीकन<br>मत्ति सिराल | डीकन<br>बाबेल राई |
| आषाढ २२ गते<br>July 6 | पाष्टर<br>प्रेम श्रेष्ठ | श्री<br>आशुतोष नगरकोटी | एल्डर<br>कृष्ण तामाङ्ग | एल्डर<br>कृष्ण तामाङ्ग | एल्डर<br>सागर थापा | एल्डर<br>राज गुरूङ्ग | डीकन<br>अमृत लामा | पाष्टर<br>बर्णबास श्रेष्ठ | पाष्टर<br>कर्ण तामाङ्ग | एल्डर<br>छोदेन कार्थक | एल्डर<br>जोरविर राई |

## जानकारी



न्यूरोड बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री इश्वर लाल श्रेष्ठ ८५ वर्षको उमेरमा वैशाख २२ गते/मे ४ तारिख शनिबारका दिन प्रभुमा सुत्नुभयो ।



नख्खु बस्नुहुने नेइम ललितपुर चर्चको सदस्य श्री तिलक राई ६७ वर्षको उमेरमा जेष्ठ ४ गते/मे १७ तारिख शुक्रबारका दिन प्रभुमा सुत्नुभयो ।

वैशाख २९/मे ११ तारिख शनिबार नेइम ज्ञानेश्वर मण्डलीमा ८८ जना विश्वासीहरूको समर्पण भयो ।

### मिशनेरीहरूको लागि प्रार्थना

पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत), पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## विशेष प्रार्थना

१. देशको आर्थिक, सामाजिक, भौतिक साथै अन्य सबै क्षेत्रमा उन्नति, प्रगति, सुधार आएको होस् ।

२. नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित् भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं साथै सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरिदिऔं ।

३. संसारका विभिन्न देशहरूमा भइरहेको युद्ध, गृहयुद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपको कारण दु:ख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

४. प्रभुको नाउँको विरूद्ध खडा भएका र प्रभुको नाउँको खातिर प्रभुको जनहरूको विरुद्ध खडा भई दु:ख-कष्ट दिने, यातना दिने, खेदो निन्दा गर्ने र सतावट दिने व्यक्तिहरूको प्रभु येशूसँग जम्का भेट हुन सकोस् र उनीहरूले पनि प्रभु येशू ख्रीष्टलाई आफ्नो प्रभु र मुक्तिदाता भनेर आफ्नो हृदयमा बोलाउन सकून् ।

५. विभिन्न देशमा पढाइ, रोजगार तथा अन्य कामको लागि जानुभएकाहरूको सुरक्षाको लागि प्रार्थना गरिदिऔं साथै विदेशमा हुनुभएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा ख्रीष्ट प्रभुलाई चिन्न सकून् ।

६. भर्माउने, प्रलोभन देखाउने, बहकाउने सबै (झूटा) शिक्षा र शिक्षकबाट मण्डलीका विश्वासीहरू सजग रहन पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।

७. काम र पढाइको लागि विभिन्न देशहरूमा जानुभएका विश्वासीहरूले आफ्नो व्यस्तताको कारण प्रभुलाई बिर्सन नसकून् साथै कुनै न कुनै संगतिमा रहेर परमेश्वरलाई महिमा दिन सकून् ।

८. मण्डलीमा कसैले पनि रीतिविधिको रुपमा प्रभु येशूलाई नअङ्गालेको होस् । मण्डलीमा आउनुहुनेहरू सबै ख्रीष्ट प्रभुलाई सत्यतामा प्रेम गर्नेहरू हुन सकून् जसको कारण मण्डली संख्यामा मात्र होइन गुणमा पनि बढ्दै जान सकून् ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २० 2<br>नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित भएर जानको लागि परमेश्वरबाटको विशेष् अगुवाइ मागौं ।<br>यशैया ४५:१-४ | २७ 9<br>सुसमाचारको काममा मण्डली अझ लागिपरेको कारण धेरै जना परमेश्वरको राज्यमा आउन सकून्<br>रोमी १०:१४-१५ | २ 16<br>नेइम परिषद्का गुरुजनहरूले पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>एफिसी ४:१-४ | ९ 23<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वास-योग्यताका साथ सधैं हेरचाह गर्न सकून् ।<br>प्रेरित ११:२३-२४ | १६ 30<br>नेइमका सबै अगुवाहरूले आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ॥<br>मत्ती २८:१८-२० |
| **सोमबार**<br>Monday | २१ 3<br>प्रभुको नाउँको खातिर दु:ख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>यशैया ५४:१७, यूहन्ना १६:३३ | २८ 10<br>देशभरि हुने आराधना सेवाहरूमा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | ३ 17<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितामा जिउन सकून् ।<br>रोमी १५:१-६ | १० 24<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १२८:१-४ | १७ July 1<br>इस्राएल देशका यहूदी जातिहरूको निम्ति प्रार्थना गरिदिऔं<br>आमोस ९:१३-१५ |
| **मंगलबार**<br>Tuesday | २२ 4<br>मण्डलीका सबै विश्वासीहरू सँधै प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>१ पत्रुस ५:८-१० | २९ 11<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप हामी वचनमा आधारित जीवन जिउन सकौं ।<br>भजनसंग्रह ११९:१८ | ४ 18<br>परमेश्वरको वचन सुन्न, बुझ्न र सुनेको वचनलाई मनन गरी त्यसअनुसार जिउनको लागि प्रार्थना गरिदिऔं ।<br>याकूब १:२२-२५ | ११ 25<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्र आएको होस् ।<br>भजनसंग्रह २२:५ | १८ 2<br>हामी सबै किसिमका बोझा र सजिलैसित अल्झाउने पापलाई पन्छाएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं ।<br>हिब्रू १२:१ |
| **बुधबार**<br>Wednesday | २३ 5<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>२ तिमोथी ४:१-८ | ३० 12<br>अधुरो रूपमा आइराख्नुभएका-हरूले आफ्नो परिवारमा असल साक्षीको जीवन जिएको कारणले उहाँहरूको परिवार प्रभुको राज्यमा आउन सकून् ।<br>२ कोरिन्थी २: १४-१५ | ५ 19<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर ख्रीष्टको चेला भएर जिउन सकून् ।<br>कलस्सी १:२८ | १२ 26<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएका-हरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | १९ 3<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्य-हरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>मत्ती २४:२४-२५ |
| **बिहीबार**<br>Thursday | २४ 6<br>मण्डलीका सबै बाल बालिकाहरू सानै उमेरदेखि प्रभुको आवाज सुनेर भविष्यमा परमेश्वरकै महिमाको कामको लागि तयार हुन सकून् ।<br>१ शमूएल ३:१-१० | ३१ 13<br>सबै जवानहरूको प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ३७:३-५ | ६ 20<br>विवाह बन्धनमा बाँधिएका सबै दम्पत्तिहरू आशिषित् भएर जिउनका लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी ५:२२-३३ | १३ 27<br>मण्डलीमा भएका एकल महिला र पुरुष साथै पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:३-४ | २० 4<br>मण्डलीका सबै आमा बुवा आफ्ना छोराछोरीहरूलाई प्रभुको प्यार, प्रेम, शिक्षा, अनुशासनमा हुर्काउन सकून् ।<br>व्यवस्था ६:४-९ |
| **शुक्रबार**<br>Friday | २५ 7<br>मण्डलीका सबै विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण हुन सकून् ।<br>रोमी १४:१९ | ३२ 14<br>हामी पवित्र आत्माको बप्तिस्मा पाएकाहरू आत्माको भरपूरी र अगुवाइमा हिंड्नेहरू भई फलवन्त जीवन जिउन सकौं ।<br>गलाती ५:२२-२५ | ७ 21<br>आखिरी दिनहरूमा संसारको धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>२ तिमोथी ३:१०-१७ | १४ 28<br>मण्डलीका विश्वासीहरू परमेश्वरलाई साँचो हृदयले प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १५:१० | २१ 5<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १४७:१-२० |
| **शनिबार**<br>Saturday | २६ 8<br>परमेश्वरका छोराछोरीहरू जुन बोलावटमा बोलाइएका छन् त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ | १ आषाढ 15<br>सरकारी तथा गैह्र सरकारी संस्थामा काम गरिराख्नुभएको सम्पूर्ण विश्वासीहरूको लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी ६:५-८ | ८ 22<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि, आत्मिक जागृति साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>भजनसंग्रह २६:२-८ | १५ 29<br>आजको आराधना सेवाद्वारा मण्डली अझै आशिषित भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून्<br>प्रेरित १:८, २:४२-४७ | २२ 6<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस् ।<br>१ पत्रुस ५:७ |

**त्यो दिन परमप्रभुको हाँगा फलदायक र महिमित हुनेछ, र इस्राएलका बाँचेकाहरूका निम्ति जमीनको फल गर्व र गौरवको हुनेछ। सियोनमा छोडिएका र यरूशलेममा बाँकी रहेकाहरू, अर्थात् यरूशलेममा बस्नेहरू भनी दर्ता भएकाहरू पवित्र कहलाइनेछन् । परमप्रभुले सियोनका स्त्रीहरूको मैला धुनुहुनेछ, र उहाँले इन्साफको आत्मा र आगोको आत्माद्वारा यरूशलेमबाट रगतका दाग शुद्ध गर्नुहुनेछ । अनि परमप्रभुले सियोन पर्वतमाथि र त्यहाँ भेला हुनेहरूमाथि दिउँसो धूवाँको बादल र राती प्रज्वलित आगोको चमक सृष्टि गर्नुहुनेछ । सबैमाथि महिमा एउटा छत्र हुनेछ । दिनको गर्मीबाट जोगाउने शरण र छाया तथा आँधीबेहरी र वर्षाबाट जोगाउने एउटा आश्रय र लुक्ने ठाउँ त्यो हुनेछ । यशैया ४:२-६**


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,